# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १२] काठमाडौं, मार्ग २८ गते २०१६ सा [अतिरिक्ताङ्क २७

### श्री ५ को सरकार

### निर्माण सञ्चार तथा यातायात मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको आन्तरिक हुलाक वस्तु (बिमा गर्ने) नियमहरू, २०१६ सर्वसाधारणको जनाकारीको लागि प्रकाशित गरिएको छ।

आन्तरिक हुलाक वस्तु (बिमा गर्ने) ऐन, २०१६ को दफा ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम आन्तरिक हुलाक वस्तु (बिमा गर्ने) नियमहरू, २०१६ रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमा–

(क) "बिमा वस्तु" भन्नाले खामभित्र राखिएको पत्र, करेन्सी नोट, चेक, हुण्डी बेच बिखन गर्न हुने लिखतका हुलाक वस्तुहरू सम्झनु पर्छ।

(ख) "हुलाक" भन्नाले यी नियमहरूको अनुसूचीमा दिइएको हुलाकहरू र हुलाक डाइरेक्टरले आवश्यकतानुसार समय समयमा तोकिदिएको हुलाक सम्झनु पर्छ।

(ग) "नियन्त्रक" भन्नाले श्री ५ को सरकारबाट नियुक्त भएको अञ्चल प्रमुख सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "डिलेभरी" भन्नाले बिमा गरिएको हुलाक वस्तु ठेगानावाला वा सो वस्तु बुझिलिने निजबाट अख्तियार पाएको वारिसलाई बुझाएमा सो ठेगानावालालाई डिलेभरी भएको सम्झनु पर्छ ।

(ङ) "ऐन" भन्नाले आन्तरिक हुलाक वस्तु (बिमा गर्ने) ऐन, २०१६ सम्झनु पर्छ ।

३. बिमा गर्ने हदः– अनुसूचीमा उल्लेख भएका हुलाकहरूका बीच वेचविखन गर्न हुने लिखतका हुलाक वस्तुहरू बढीमा ने.रू. १५००। पन्ध्र सयससम्म बिमा गर्न सकिने छ ।

४. बिमा गर्नुपर्नेः– वेचविखन गर्न हुने लिखतका हुलाक वस्तुहरू हुलाकबाट चलाउन बिमा गर्न अनिवार्य हुनेछ ।

५. बिमा गर्ने तरीकाः– हुलाक वस्तुहरू बिमा गर्दा देहाय बमोजिम गर्नुपर्दछः–

(क) हुलाक महसूल र रजिष्टरी शुल्कको अतिरिक्त श्री ५ को सरकारले समय समयमा नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिएको बिमा दस्तूरको अग्रिम चुक्ति हुलाक टिकट टांसी गर्नुपर्दछ,

(ख) प्रत्येक बिमा वस्तु छाप नफुटाइकन वा बेसाबूत वा अस्पष्ट चिह्न नरहने किसिमसंग खोल्न नसकिने गरी र सफा र स्पष्ट बुझिने गरी एकै रङ्गको सफा लाहाद्वारा एकै ढांचाको कुनै व्यक्तिगत छाप लगाई बलियो खाममा राम्ररी बन्द गरिएको हुनुपर्दछ । रुपैयाँ पैसाको वा सोझा बांगा काटिएका रेखा भएको छाप हुनु हुँदैन,

(ग) खाम कालो वा अरू कुनै किसिमको रङ्गीन किनारा भएको वा भित्रको वस्तुको कुनै अंश कतैबाट देख्न र चिन्न नसकिने गरी बनेको हुनुपर्दछ,

(घ) खाम बन्दी गरी टांसिने प्रत्येक जोडनीमा छाप लागेको हुनुपर्दछ, खाममा धागोको टांका मारी वा फित्ता बांधी जहाँ गाँठो पर्दछ त्यहाँ लाहाछाप लगाएको हुनुपर्दछ,

(ङ) खाममा हुलाक अड्डाको लेवल टांस्ने तथा अन्य चिह्न लगाउने पर्याप्त स्थान हुनुपर्दछ,

(च) खाममा कुनै केरमेट तथा थपघट नगरी बिमा गरिने मूल्य अंक र अक्षरमा स्पष्टसंग बुझिने गरी लेखिएको हुनुपर्दछ,

(छ) प्रेषकको नाम र ठेगाना पाउने व्यक्तिको ठेगाना लेख्ने देब्रेतर्फको तल्लो कुनामा लेखिएको हुनुपर्दछ । खाममा ठाउँ नभए छुट्टै कागजमा लेखी बिमा गरिने वस्तुसाथै दाखिल गर्नुपर्दछ ।

(ज) खाममा बढीमा सवा इन्च लम्बाइ र सवा इन्च चौडाइसम्मको हुलाक टिकट बाहेक अरु किसिमका आफू खुशी लेवल प्रेषकले टाँस्न सक्ने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. रसीदः– बिमा वस्तु बिमा गर्ने निर्धारित समयभित्र हुलाकमा दाखिल हुन आई सो वस्तु हुलाकद्वारा स्वीकृत भएमा बुझाउने व्यक्तिलाई प्रत्येक बिमा वस्तुको निमित्त छुट्टाछुट्टै रसीद दिइने छ ।

७. फिर्ती रसीदः– प्रत्येक बिमा वस्तुको निमित्त ठेगानावालाले वा निजको अख्तियार पाएको वारिसले रीतपूर्वक दस्तखत गरेको फिर्ती रसीद प्रेषकलाई निःशुल्क पठाइने छ ।

८. बिमा वस्तु फिर्ता हुने अवस्थाः– सम्बन्धित हुलाकले देहायका अवस्थामा बिमा वस्तु प्रेषकलाई नै फिर्ता पठाउनुपर्दछः–

(क) बिमा वस्तुको आगमन सूचना दिएका मितिदेखि १० दिनसम्ममा ठेगानावालाले डिलेभरी नलिएमा, वा

(ख) ठेनागावालाले बिमा वस्तु लिन इन्कार गरेमा वा सही डिलेभरी दिन ठेगानावाला नै नभेटिएमा वा ठेगानावालाको मृत्यु भै डिलेभरी हुन नसकेमा, वा

(ग) ठेगानावाला विना सूचना अघि बसेको ठाउँ छाडी अन्यत्र गएमा वा बिमा वस्तु डिलेभरी गर्ने अख्तियार नभएको हुलाकको अधिकार क्षेत्रमा सरेकोमा सो सरेका १० दिनभित्र ठेगानावाला वा निजको अख्तियार पाएको वारिसलाई डिलेभरी दिन हुलाकको तर्फबाट प्रयास गर्दा पनि ठेगानावाला पत्ता नलागी बिमा वस्तु डिलेभरी हुन नसकेमा ।

तर, बिमा वस्तु हुलाकमा आइपुगेको समयमा बिमा वस्तुको ठेगानावाला सो हुलाकको डिलेभरी क्षेत्रबाट बाहिर गएको भए र सो हुलाकमा निजको नाममा बिमा वस्तु आएको सूचना हुलाकबाट वा अरु कुनै तवरबाट थाहा पाई त्यसको डिलेभरी लिने इच्छाको लिखित सूचना सम्बन्धित हुलाकलाई खण्ड (ग) मा उल्लिखित १० दिनभित्र दिएमा सो बिमा वस्तु अरू ५ दिनसम्म सो हुलाकमा राखिने छ, सो ५ दिनभित्र पनि ठेगानावाला वा निजको अख्तियार पाएको वारिसले डिलेभरी नलिएमा सो ५ दिन भुक्तान भएपछि तुरुन्त सो बिमा वस्तु प्रेषकलाई नै फिर्ता पठाइने छ ।

९. क्षतिपूर्ति पाउने शर्त र बन्देजहरूः– बिमा गरिएको हुलाक वस्तु वा त्यसको कुनै अंश हुलाकद्वारा चलान गरिंदाको अवस्थामा हराएमा वा नोक्सान भएमा ऐन बमोजिम पाउने क्षतिपूर्तिको रकम देहायको अवस्थामा पाउने छैनः–

(क) प्रेषकले लेखेको ठेगाना अधूरो वा अशुद्ध भै गलत डिलेभरी हुन गएमा, वा

(ख) प्रेषकले वा ठेगानावालाले कुनै किसिमको जालसाजी गरेको प्रमाणित भएमा, वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) ठेगानावालाले फिर्ती रसीदसमेतमा सही गरी बिमा वस्तुको डिलेभरी लिइसकेको भएमा, वा

(घ) बिमा वस्तु हुलाक दाखिल भएको मितिदेखि २ महीनाभित्र हराएको वा नोक्सानी भएको वा गुम भएको कुनै उजूरी नदिएमा, वा

(ङ) अयोग्य वा असुरक्षित प्याक बन्दीको कारणले हराएमा वा नोक्सान भएमा, वा

(च) खाम वा लाहा छापमा कुनै देखिने नोक्सानी नभएमा, वा

(छ) बिमा वस्तुभित्र करेन्सी नोट वा सटही मूल्यका अरू वस्तु वा दुवै साथ खामिएको भै त्यस्ता वस्तुहरूको वास्तविक मूल्यको बिमा नगरिएको भएमा, वा

(ज) बिमा गरिएको वस्तुको स्वभावैबाट हानि नोक्सानी भएमा , वा

(झ) हुलाकद्वारा मनाही गरिएका वस्तु बिमा गरिएमा।

१०. क्षतिपूर्ति दिने म्याद:– हुलाक डाइरेक्टर वा नियन्त्रकद्वारा परिस्थिति वश जाँचबुझ (इन्क्वायरी) गर्ने आदेश भएमा बाहेक प्रेषकले हुलाकलाई बिमा वस्तु हराएको उजूरी दिएको मितिदेखि २ महीनापछि तुरुन्त क्षतिपूर्ति पाउने छ।

## अनुसूची

१. काठमाडौं जनरल पोष्ट अफिस।
२. ललितपुर नगर हुलाक।
३. भक्तपुर नगर हुलाक।
४. वीरगञ्ज मुख्य हुलाक।
५. विराटनगर मुख्य हुलाक।
६. पोखरा मुख्य हुलाक।
७. भैरहवा मुख्य हुलाक।

आज्ञाले–
ढुण्डिराज शर्मा
श्री ५ को सरकारको सचिव,
निर्माण सञ्चार तथा यातायात मन्त्रालय।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## निर्माण सञ्चार तथा यातायात मन्त्रालयको

## सूचना

आन्तरिक हुलाक वस्तु ( बिमा गर्ने ) ऐन, २०१९ को दफा ४ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले हुलाक वस्तुको बिमा गरे बापत लाग्ने दस्तुर ने. रु. १००। सम्मको लागि ।५० पैसा र त्यस पछिको प्रत्येक ने. रु. १००। वा अंशको निमित्त ।२५ पैसा तोकिदिएको छ ।

आज्ञाले–
ढुण्डिराज शर्मा
श्री ५ को सरकारको सचिव,
निर्माण सञ्चार यातायात मन्त्रालय ।

गोरखापत्र छापाखानामा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।